# ओमसतिया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाटी फर्साटिकर, रुपन्देही

५ नम्बर प्रदेश, नेपाल

मितिः २०७५-०६-१०

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- ११६

विषय :- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ लागु भएको सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
ओमसतिया गाउँपालिका
रुपन्देही

प्रस्तुत बिषयमा केन्द्रीय पंजीकरण बिभाग,काठमाडौंको च.न. ११२ मिति २०७५-५-१९ को पत्र बमोजिम सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ खारेज भईनयाँ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ माननीय मन्त्रिस्तरबाट मिति २०७५-४-२३ मा स्वीकृत प्रदान भएको र सोही मितिबाट लागु भएकोले सामाजिक सुरक्षा भत्ता सम्बन्धि सम्पुर्ण कार्यहरु नयाँ कार्यविधि अनुरुप गर्नु गराउनुहुन सबैको जानकारीको लागि निर्देशानुसार अनुरोध छ।

१ नयाँ कार्यविधिको परिच्छेद ३ को उपदफा २ बमोजिम "नेपाल सरकार वा नेपाल सरकार संग सम्बन्ध स्थापित भएका मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुबिधा पाई रहेका ब्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन" भनि उल्लेख भए अनुसार वडामा यस प्रकारका सेवा सुबिधा पाईरहेका सामाजिक सुरक्षा लाभग्राही भएमा वडा समितिको बैठकबाट निर्णय गराईVERSP-MISमा समेत लगत कट्टा गराई गाउँपालिकालाई जानकारी दिनुहुन अनुरोध छ।

२ आब २०७५-२०७६को प्रथम किस्ता भत्ता पाउने लाभग्राहीहरुको विवरण आध्याबधिक नगरेको भए समयमानै अध्याबधिक गरि आ.ब. २०७५-२०७६ बाट लागु हुने गरि थप भएका लाभग्राहीहरुको विवरण गाउँपालिका लाई उपलब्ध गराईदिनु हुन अनुरोध छ।VERSP-MISमा दर्ता नभएका लाभग्राहीहरुलाई भत्ता रकम उपलब्ध गराउन नसकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

३ नयाँ कार्यविधिमा उल्लेख भएका अनुसूचीहरु बमोजिम नै नयाँ लाभग्राही को नाम संकलन , नबिकरण तथा अभिलेख राख्नुहुन अनुरोध छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत